**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले आज गान्तोकको पालजोर स्टेडियममा सिक्किम पुलिसलाई प्रतिष्ठित राष्ट्रपति पुलिस ध्वज प्रदान गर्नुहुनेछ।

- पश्चिम बंगाल सरकारले भारत-बांग्लादेश सीमामा पुलिस चौकिहरु स्थापित गर्ने अनि काडेतारको बार लगाउनको लागि सीमा सुरक्षा बललाई 142 दशमलव 7-9 एकड़ जमीन सुम्पिएको छ।

- पश्चिम बंगालका मुख्यमंत्री शुभेंदु अधिकारीले राज्य सरकारको 'लक्ष्मी भंडार' योजनामा लगभग 30 लाख मानिसहरुले फर्जी ढंगमा लाभ लिएरहेको आरोप लगाउनुभएको छ।

- ईद-उल-अज़हा, आज देशको विभिन्न भागहरुमा धार्मिक उत्साह अनि उमंगको साथ मनाइन्दै छ।

- खरसाङको लङ्भ्यू चियाबारीको समस्यालाई लिएर खरसाङस्थित लेबर अफिसमा लङभ्यू कमानका मालिक र प्रबन्धक पक्षलाई लिएर सभा बोलाइएको छ।

**राष्ट्रपति सिक्किम**

राष्ट्रपति द्रौपदी मुर्मुले आज गान्तोकको पालजोर स्टेडियममा सिक्किम पुलिसलाई प्रतिष्ठित राष्ट्रपति पुलिस ध्वज प्रदान गर्नुहुनेछ। सिक्किम यो पुरस्कार प्राप्त गर्ने देशको 15 औ अनि पूर्वोत्तरको तेस्रो राज्य बन्नेछ।राष्ट्रपति पुलिस ध्वज देशमा कुनै पनि पुलिस बललाई दिईने सर्वोच्च औपचारिक उपाधि हो। यो असाधारण सेवा, अटूट अनुशासन अनि राष्ट्र प्रति समर्पणको मान्यतामा प्रदान गरिन्छ।वरिष्ठ पुलिस अधीक्षक स्तरका अधिकारीको नेतृत्वमा सिक्किम पुलिसको 400 गौरवशाली जवानहरुले राष्ट्रपति समक्ष परेडमा भाग लिनेछन्।यो सम्मान सिक्किम पुलिसका बहादुर जवानहरु द्वारा जनताको सेवा अनि राज्यको सुरक्षामा प्रदर्शित प्रतिबद्धता, बलिदान अनि पेशेवर कार्यशैली प्रति गौरवपूर्ण नमन हो।

सुप्रीम का ेर्ट – एसआईआर

उच्चतम न्यायालयले भारतमा चुनावी प्रक्रियालाई अझ पारदर्शी र प्रभावकारी बनाउने प्रयासमा एउटा ऐतिहासिक फैसला सुनाएको छ। उच्चतम न्यायालयले मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) गर्ने चुनाउ आयोगको अधिकारलाई वैध र संवैधानिक ठहर गर्दै यो प्रत्यक्ष रूपमा निष्पक्ष र स्वतन्त्र निर्वाचन सुनिश्चित गर्नसँग सम्बन्धित रहेको बताएको छ। उच्चतम अदालतले एसआईआरको प्रक्रियामा चुनाउ आयोगले आफ्नो वैधानिक शक्तिभन्दा बाहिर काम नगरेको ठहर गरेको छ। निर्णयमा स्पष्ट रूपमा भनिएको छ कि एसआईआरको प्रक्रिया सामान्य संशोधन प्रक्रियाभन्दा फरक भएकोले आयोगको अधिकारभन्दा बाहिर हुन सक्दैन। स्वतन्त्र र निष्पक्ष चुनाउको अर्थ मतदान गर्ने प्रक्रिया मात्र होइन, यो मौलिक रूपमा "मतदाता सूचीको अखण्डता, शुद्धता र विश्वसनीयता" मा निर्भर गर्दछ, जुन लोकतान्त्रिक प्रक्रियाको आधार हो। यसका साथै उच्चतम अदालतले चुनाउ आयोगलाई शङ्कास्पद नागरिकताका आधारमा मतदाता सूचीबाट हटाइएका व्यक्तिहरूको नाम चार हप्ताभित्र गृह मन्त्रालय (केन्द्र सरकार) मा पठाउन निर्देशन दिएको छ। भारतका मुख्य न्यायाधीश न्यायमूर्ति सूर्यकान्त र न्यायर्मूत जोयमाल्या बागचीको पीठले गत वर्ष जूनमा बिहारमा गरिएको एसआईआर सञ्चालन गर्ने चुनाउ आयोगको अधिसूचना र अधिकारलाई चुनौती दिने याचिकाहरूमा आदेश पारित गरेको थियो। यस मामिलामा सबै पक्षको लामो सुनुवाई र तर्कपछि पीठले यस वर्ष 29 जरवरीमा फैसला सुरक्षित राखेको थियो, जुन हिज बुधवार सुनाएको छ। बर्तमानमा देशभरि एसआईआरको प्रक्रिया चलिरहेको छ। 14 मईमा

चुनाउ आयोगले एसआईआरको तेस्रो चरणको आदेश दिएको छ। यो चरणले 16 वटा राज्य र तीनवटा केन्द्र शासित प्रदेशहरूलाई समेट्छ। यी राज्यहरु हुन्-आन्ध्र प्रदेश, अरुणाचल प्रदेश, चण्डीगढ, दादरा र नगर हवेली र दमन र दीव, हरियाणा, झारखण्ड, कर्नाटक, महाराष्ट्र, मणिपुर, मेघालय, मिजोरम, नागाल्यान्ड, दिल्लीको राष्ट्रिय राजधानी क्षेत्र, ओडिसा, पञ्जाब, सिक्किम, त्रिपुरा, तेलङ्गाना, उत्तराखण्ड। यस प्रक्रियामा 39 करोड 40 लाख जमीनी स्तरका अधिकारीहरूद्वारा करिब 36 करोड मतदाताहरूको जॉच गरिनेछ।

**पश्चिम बंगाल-बाढ**

पश्चिम बंगाल सरकारले भारत-बांग्लादेश सीमामा पुलिस चौकिहरु स्थापित गर्ने अनि काडेतारको बार लगाउनको लागि सीमा सुरक्षा बललाई 142 दशमलव 7-9 एकड़ जमीन सुम्पिएको छ। यो निर्णय भारतीय जनता पार्टी सरकारको गत 11 मईमा भएको पहिलो मंत्रिमंडल बैठकमा लिईएको त्येस निर्णयको हिस्सा हो जस अंतर्गत सीमामा बाड़ लगाउने अनि संबंधित बुनियादी ढांचा परियोजनाहरुको लागि 45 दिन भित्र 600 एकड़ जमीन हस्तांतरित गरिनु थियो। सोशल मीडिया पोस्टमा मुख्यमंत्री सुभेंदु अधिकारीले भन्नुभयो - पश्चिम बंगाल सरकारले सीमा सुरक्षा बलले चौकिहरुमा काडेतारको बार निर्माणलाई सुविधाजनक बनाएर सीमा सुरक्षालाई बलियो बनाउन गहन उपाय शुरू गरेको छ जसले गर्दा सीमावर्ती क्षेत्रहरुमा सुरक्षा अझ बढ्नेछ। उहाले 9 जिल्लाहरुमा बललाई हस्तांतरित गरिएको जमीनको विस्तृत चार्ट पनि साझा गर्नुभयो। यसको पहिलो चरणमा पांच जिल्लाहरुमा किनिएको 43 एकड़ जमीन अनि निहित 31 दशमलव 9 एकड़ जमीनको लागि स्वीकृति आदेश अनुरुप गत 20 मई मा बललाई सुम्पिएको छ। पश्चिम बंगालको बांग्लादेशसित 2 हजार 217 किलोमीटर लामो सीमा छ जो भारतसित रहेको सबैभन्दा लामो सीमा हो। श्री अधिकारीका अनुसार, राज्यमा सीमाको लगभग 1 हजार 600 किलोमीटर हिस्सामा बार लगाई सकिएको छ , जबकि लगभग 600 किलोमीटर हिस्सामा अझ पनि बार बनिएको छैन।

**लक्ष्मी भंडार - फर्जी लाभार्थी**

पश्चिम बंगालका मुख्यमंत्री शुभेंदु अधिकारीले राज्य सरकारको 'लक्ष्मी भंडार' योजनामा लगभग 30 लाख मानिसहरुले फर्जी ढंगमा लाभ लिएरहेको आरोप लगाउनुभएको छ। योजनाको राशि अवैध घुसपैठिहरु मात्र नरहेर धेरै पुरुषहरुको खातामा पनि गैरहेको उहाले आरोप लगाउनु भएको छ। नवान्नमा आयोजित पत्रकार सम्मेलनमा मुख्यमंत्री लामो समयदेखि योजनामा अनियमितताको शिकायतहरु प्राप्त भैरहेको बताउनुभयो। जांचमा अघि आएको छ कि धेरै संख्यामा अपात्र मानिसहरुको खातामा सरकारी सहायता पुगिरहेको थियो। उहाले भन्नुभयो - अब लाभार्थिहरुको सूचीको सत्यापन नयाँ ढंगमा गरिनेछ अनि केवल पात्र भारतीय महिलाहरुलाई मात्र यस योग्नको लाभ प्रदान गरिनेछ। केवल राष्ट्रवादी भारतीय महिलाहरुलाई यो सहायता दिईने श्री अधिकारीले बताउनुभयो। उहाले स्पष्ट गर्नुभयो कि पुरुषहरु , गैर भारतीय नागरिकहरु , आयकरदाताहरु , सरकारी कर्मचारिहरु अनि नियमित वेतन पाउनेहरुलाई नयाँ व्यवस्थाबाट बाहिर राखिएको छ।
मुख्यमंत्रीले भन्नुभयो यसै उद्देश्यले 'अन्नपूर्णा योजना' अन्तर्गत पुनः आवेदन प्रक्रिया शुरू गरिंदैछ। नयाँ फॉर्म भरे पछि लाभार्थिहरुको सूची तैयार हुनेछ अनि अपात्र मानिसहरुको नाम हटाईनेछ। 27 तारीख देखि अन्नपूर्णा योजनाको फॉर्म उपलब्ध भएर आगामी दुई जून सम्म आवेदन गर्नेहरुलाई तीन जून देखि राशि प्राप्त हुन शुरू हुने उहाले जानकारी दिनुभएको छ। उहाले अझ भन्नुभयो कि अन्नपूर्णा योजना पूर्ण रुपमा लागू नभए सम्म 'लक्ष्मी भंडार' योजना जारी रहने छ अनि नयाँ योजना अन्तर्गत नाम दर्ता हुन साथै पुरानो योजनाको लाभ बंद गरिनेछ।

**राष्ट्रपति-ईद उल अजहा**

ईद-उल-अज़हा, आज देशको विभिन्न भागहरुमा धार्मिक उत्साह अनि उमंगको साथ मनाइन्दै छ। यसलाई बकरीद पनि भनिन्छ। राष्ट्रपति द्रौपदी मुर्मुले ईद-उल-अजहाको अवसरमा देशवासिहरुलाई बधाई दिनुभएको छ। आफ्नो संदेशमा उहाले भन्नुभयो -यो त्योहार भक्ति, त्याग अनि निस्वार्थताको प्रतीक हो। उहाले भन्नुभयो यस त्योहारले नागरिकहरुलाई मानवता अनि विशेष गरेर वंचितहरुको सेवा गर्नको लागि प्रेरित गर्दछ। उहाले नागरिकहरुसित समाजमा प्रेम अनि सद्भावलाई बढ़ावा दिने संकल्पलाई बलियो बनाउने आग्रह गर्नुभयो।

## तृणमूल विधायक- धर्ना

तृणमूल कांग्रेसले हिज बुधवार पश्चिम बंगाल विधानसभामा विरोध प्रदर्शन गरे। विधानसभा सचिवालयले अहिलेसम्म शोभनदेव चट्टोपाध्यायलाई विपक्षको नेताको आधिकारिक दर्जा नदिएको पार्टीले आरोप लगाएको छ। यस मुद्दा बारे शिकायत दर्ता गरौँ पुगेका कुणाल घोष अनि शोभनदेव चट्टोपाध्यायली स्पीकरसित भेट नभएकोमा सचिवालय अघि धरनामा बसे। तृणमूल नेताहरुको भनाई अनुसार 18औ विधानसभाको गठन अनि पहिलो सत्र संपन्न भए पनि विपक्षका नेतालाई न त औपचारिक मान्यता प्राप्त भएको छ न त उहाको लागि निर्धारित कक्ष आवंटित गरिएको छ। हिज साझ बालीगंज विधायक शोभनदेव चट्टोपाध्याय अनि बेलियाघाटा विधायक कुणाल घोष विधानसभा भवनमा स्पीकर रथीनाथ बसुसित भेट गर्न पुगेका थिए तर स्पीकरले भेट गर्न समय नदिएको उनीहरुले दावी गरेका छन्। तृणमूल कांग्रेसको दावी छ कि गत 13 मईमा पार्टीको तर्फ बाट स्पीकरलाई पत्र पठाएर 80 विधायकहरुको समर्थनको साथ शोभनदेव चट्टोपाध्यायलाई संसदीय दलको नेता घोषित गरिने जानकारी दिईएको थियो तरै पनि उहालाई अहिलेसम्म विपक्षको नेताको दर्जा प्राप्त भएको छैन।

## लङ्भ्यू चियाबारी – सभा

खरसाङको लङ्भ्यू चियाबारीको समस्यालाई लिएर खरसाङस्थित लेबर अफिसमा लङभ्यू कमानका मालिक र प्रबन्धक पक्षलाई लिएर सभा बोलाइएको छ। सभालाई लिएर अनशनमा बसेका श्रमिकहरुले प्रतिक्रिया दिएका छन्। सभामा कुनै पनि पार्टीको युनियन र कुनै पनि श्रमिकहरुलाई नबोलाइएको भन्दै यस विषयमा लङ्भ्यू चियाबारीका श्रमिकहरुले प्रतिक्रिया दिएका छन्। श्रमिकहरुले भने, यो आन्दोलन निरन्तर 3 वर्षदेखिको आन्दोलन केवल हाजिरा अनि वेतन भुक्तानी मात्र नभएर श्रमिकहरुको पीएफ अनि ग्रेच्युटी भुक्तानीको बिषयमा पनि हो। जबसम्म बाँकी राशि भुक्तान गरिंदैन तबसम्म अनशन जारी रहने छ। श्रमिकहरुले अझ भने, मालिकको बानी अहिलेसम्म त्यही छ, पीएफ अनि ग्रेच्युटीबारे कुरा गर्दा रहल-पहल बाँकी हाजिरा दिएर पीएफ र ग्रेच्युटीको मुद्दालाई हटाउनु रहेको छ। कामको दाम अनि श्रमिकको सामाजिक सुरक्षालाई यसरी दबाउनु पाउँदैन भनि उनीहरुले अझ बताएका छन्।

****** ० ******